जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ ✲ अंक : ४ ✲ २०८३ साल बैशाख ०६ गते, आईतबार ✲ Sunday, Arp.– 19 2026 ✲ मूल्य रु. ५/- पृष्ठ : ४

## सीमामा “कडाइ”को हल्ला, बारामा तस्करीको संगठित जालो उजागर








***संवाहक सम्वादाता-५ बैशाख, कलैया***

नेपाल-भारत सीमामा कडाइ गरिएको सरकारी दाबी भइरहँदा बाराको सीमाक्षेत्रमा भने तस्करी झन् संगठित, योजनाबद्ध र निर्भीक रूपमा सञ्चालन भइरहेको तथ्य बाहिर आएको छ। बेनौली-पिपरपाती नाका, बेलादरी बोर्डर लगायतका क्षेत्र अहिले तस्करका लागि सुरक्षित मार्गजस्तै बनेको भन्दै स्थानीयवासी आक्रोशित छन्।

स्थानीय स्रोतका अनुसार पिपरपाती नाका हुँदै भारतको बिहारबाट चकलेटदेखि उच्च मूल्यका काजुसम्मका सामग्री मोटरसाइकल मार्फत दैनिक रूपमा भित्र्याई भारतीय नम्बर प्लेटका मोटरसाइकल प्रयोग गरी ल्याइएका सामग्री पचरौता नगरपालिका-९ कुडवा स्थित गोदाममा भण्डारण गर्छन। त्यसपछि उक्त सामान सेतो रंगको ना २ च ३८४६ नम्बरको पिकअप भ्यानमा लोड गरी लंगडाचोक, हरनहिया हुँदै रौतहटको मौलापुरतर्फ पुऱ्याइन्छ। त्यहाँबाट पुनः नेटवर्किङ गर्दै महागढीमाई नगरपालिका अन्तर्गत गंजभावानीपुर हुँदै उत्तरतर्फ पठाइने गरेको स्रोतको दाबी छ। दिनमै कम्तीमा तीन पटकसम्म यस्तो ओसारपसार हुने गरेको दृश्यले पुष्टि गरेको छ। जसले तस्करी सञ्जालको गहिराई र संगठित स्वरूपलाई प्रस्ट पारेको छ।

शुक्रबार साँझ ७ बजे देखि ११ बजेसम्मको गतिबिधिलाई गरिएको निगरानीका क्रममा मोटरसाइकलको लहरै सीमाबाट प्रवेश गरेको दृश्य प्रहरीको भगत दाबीलाई छताछुल पारेको छ यसले ‘सीमा बन्द’ वा कडाइको सरकारी दाबी केवल औपचारिकतामा सीमित रहेको भन्दै स्थानीयले तीव्र असन्तुष्टि जनाएका छन्। “सामान्य नागरिकलाई चेकजाँचमा कडाइ, तर तस्करलाई खुल्ला छुट” भन्ने गुनासो व्यापक रूपमा उठिरहेको छ।

स्रोतका अनुसार भारतीय तस्कर अरविन्द साह सहित आधा दर्जनको योजना र लगानीमा यो कारोबार सञ्चालन भइरहेको छ भने स्थानीय स्तरमा नामुद तस्कर सियाराम, राजेश लागयत दर्जनौको संलग्नतामा ‘लाइन मिलाउने’ काम हुँदै आएको छ। कलैयाबाट सुमो र हाईस प्रयोग गरी काठमाडौंसम्म चौकी-पिच्छे नजराना बुझाउँदै सामान सहजै पुऱ्याइने गरिएको छ। तस्करी र गोदाम सम्बन्धी सूचना सुरक्षा निकायसम्म पुग्दा पनि प्रभावकारी कारबाही नभएको र उल्टै सूचना चुहावट भएर तस्करलाई सचेत गराइने गरेको गम्भीर आरोप उठेको छ। यसै क्रममा कुडवा स्थित गोदामबाट लाखौं मूल्य बराबरको चकलेट र काजु अन्यत्र सारिएको तथा रामनगरतर्फ लुकाइएको तस्कर गिरोह भित्रकै स्रोतले जनाएको छ। यसअघि सोही क्षेत्रको कोतवाली गाउँमा गोदाम राखेर तस्करी गरिएको र समय-समयमा स्थान परिवर्तन गर्दै सञ्जाल सञ्चालन भइरहेको दाबी गरिएको छ।

स्थानीयका अनुसार लाइन मिलेपछि पिकअप भ्यान मार्फत मध्यरातदेखि

बाँकी तेस्रो पृष्ठमा

## पत्रकारिता: निष्ठाको ऐना कि व्यापारको माध्यम?



**-रमेश सुबेदी**

रुपत्रकारिता केवल एउटा पेशा मात्र होइन, यो त समाजको ऐना र लोकतन्त्रको पहरेदार हो जसले राज्यको चौथो अंगको रूपमा सत्यको अन्वेषण र न्यायको वकालत गर्ने धर्म बोकेको हुन्छ, तर विडम्बना आज यसको चमकधमक र बाह्य आकर्षण देखेर यो क्षेत्रमा प्रवेश गर्नेहरूको लर्को त छ, तर यसको मर्म बुझ्नेहरूको खडेरी पर्दै गएको महसुस हुन्छ। वास्तविक पत्रकारिता त्यो हो जसले समाजलाई सही दिशा निर्देश गर्दछ, युवाहरूलाई मार्गदर्शन दिन्छ र दशकौंसम्म निष्ठापूर्वक कलम चलाएर देश र जनताको सेवामा समर्पित रहन्छ, जसका उदाहरणका रूपमा नेपालमै धेरै आदरणीय नामहरू हाम्रा सामु जीवितै छन्। तर पछिल्लो समय यो पवित्र पेशामा केवल ’दाम’ कमाउन र क्षणिक ’रमाउन’ आउनेहरूको जमात बढ्दो छ, जसले गर्दा दशकौंको योगदानको कदर हुन छाडेको छ र केवल व्यक्तिगत स्वार्थ पूरा नहुने बित्तिकै पलायन हुने प्रवृत्ति मौलाएको छ। अझ गम्भीर विषय त के छ भने, पत्रकारिताको आवरणमा एनजिओकर्मीहरूको प्रवेशले यो पेशालाई थप दूषित बनाउँदै लगेको छ, जहाँ समाचारको मूल्यभन्दा पनि दाताको एजेन्डाले प्राथमिकता पाउन थालेको छ। आजको तितो यथार्थ यही हो कि सामान्य लेखपढ मात्र जानेका र नैतिकताको ज्ञान नभएकाहरू पैसाको बलमा सञ्चार गृहका मालिक बनेका छन्, जसले वर्षौंसम्म अध्ययन गरेका र सिद्धान्त बुझेका बौद्धिक पत्रकारहरूलाई आफ्नो इशारामा काम गराउने परिस्थिति सिर्जना भएको छ। यसको मुख्य कारण भनेकै वास्तविक र इमानदार पत्रकारसँग केवल सत्यको शक्ति र रित्तो गोजी छ, जबकि नपढेका र अवसरवादी मालिकहरूसँग पैसाको थुप्रो छ जसले गर्दा उनीहरूले यस पेशाको गरिमालाई नै बन्धक बनाइरहेका छन्। अब समय आएको छ कि हामीले ’बुम’ समात्ने र क्यामरा अगाडि उभिने सबैलाई पत्रकार मान्ने भ्रमबाट मुक्त हुनुपर्छ र वास्तविक पत्रकारको पहिचान गरी उनीहरूलाई उचित सम्मान दिनुपर्छ। पत्रकारिताको वास्तविक परिभाषा भनेको सत्ता र शक्तिलाई प्रश्न गर्नु हो, न कि पैसाको पछि लागेर सत्यलाई बंग्याउनु; त्यसैले यो पेशालाई शुद्धीकरण गर्न र यसको गुम्दै गएको साख जोगाउन अब वास्तविक पत्रकारहरू एक ठाउँमा उभिएर भ्रष्ट र स्वार्थी तत्वहरूलाई यो क्षेत्रबाट बहिष्कृत गर्नैपर्छ।

## बारामा आर्थिक गणना सुरु, “सही तथ्याङ्कले नै अर्थतन्त्रको यथार्थ देखाउँछ” – अधिकारी राजेश दास





***संवाहक सम्वादाता-५ बैशाख, कलैया***

राष्ट्रिय आर्थिक गणना २०८२ अन्तर्गत बारा जिल्लामा स्थलगत तथ्याङ्क संकलन कार्य वैशाख २ गतेदेखि सुरु भएको छ। जिल्ला आर्थिक गणना कार्यालय, बाराका आर्थिक गणना अधिकारी राजेश दासले यो गणना देशको वास्तविक आर्थिक अवस्था पहिचान गर्ने महत्वपूर्ण आधार भएको बताएका छन्।

उनका अनुसार “अर्थतन्त्र मापनका लागि आर्थिक गणना” भन्ने मूल नारासहित सञ्चालन गरिएको यस कार्यक्रमले उद्योग, व्यापार, सेवा क्षेत्र, रोजगारी अवस्था र उत्पादनसम्बन्धी यथार्थ तथ्याङ्क संकलन गर्नेछ। “सही तथ्याङ्कै आधारमा देशको आर्थिक नीति र योजना निर्माण हुने भएकाले यो गणना अत्यन्त महत्वपूर्ण छ,” दासले भने।

दासका अनुसार बारा जिल्लामा गणना कार्यलाई प्रभावकारी बनाउन






तालिमप्राप्त जनशक्ति परिचालन गरिएको छ, जसले व्यवसाय तथा प्रतिष्ठानमै पुगेर तथ्याङ्क संकलन गरिरहेको छ। साथै, गणनालाई सहज बनाउन स्थानीय तह र सरोकारवालासँग समन्वय गर्दै अघि

बाँकी तेस्रो पृष्ठमा

## जीतपुरसिमरामा वैशाख १४ देखि नियमित पठनपाठन सुरु हुने

***संवाहक सम्वादाता-५ बैशाख, कलैया***



जीतपुरसिमरा उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयहरूमा वैशाख १४ गतेदेखि नियमित पठनपाठन सुरु गर्ने निर्णय गरेको छ। उपमहानगरले वैशाख ७ गतेदेखि भर्ना अभियान सञ्चालन गर्ने समेत निर्देशन दिएको छ।

यसअघि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले देशभर वैशाख १५ गतेदेखि भर्ना अभियान र वैशाख २१ गतेदेखि कक्षा सञ्चालन गर्ने परिपत्र जारी गरेको थियो। तर स्थानीय तहमा सो समयसीमा व्यवहारिक नदेखिएको भन्दै जीतपुरसिमराले आफ्नै कार्यतालिका लागू गर्ने निर्णय गरेको हो।

उपमहानगरका अनुसार स्थानीय सरोकारवालासँगको छलफलमा ढिलो शैक्षिक क्यालेन्डरका कारण विद्यार्थीको अध्ययन प्रभावित हुने, वार्षिक कार्यघण्टा अपुग हुने तथा शैक्षिक गुणस्तरमा असर पर्ने चिन्ता व्यक्त भएको थियो। सोही आधारमा भर्ना र कक्षा सञ्चालन दुवै प्रक्रिया छिटो सुरु गर्ने निर्णय गरिएको जनाइएको छ।

नगर प्रमुखस्तरको निर्णयअनुसार विद्यालय सञ्चालन तालिका पनि

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्ज मेनरोड विस्तार आजदेखि, १२ घण्टे अल्टिमेटमपछि बजारमा तनाव





***वीरगञ्ज। ५,वैशाख,***

त्रिभुवन राजपथ अन्तर्गत पर्ने वीरगञ्जको गण्डक चोकदेखि मितेरी पुलसम्मको मुख्य सडक ( मेनरोड) विस्तार कार्य आज ( शनिबार) साँझदेखि औपचारिक रूपमा सुरु हुँदैछ। दायाँ-बायाँ २५/२५ मिटर सडक चौडाइ गर्ने योजनाअन्तर्गत विस्तार क्षेत्रभित्र पर्ने घर, टहरा तथा अन्य संरचनाहरू

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
**पन्नालाल दास**
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
**मुन्ना कुमार**

समाचार सम्पादक
**सरोज दास**

कानुनी सल्लाहकार
**परमहंस केशरी/ श्याम बिहारी कुशवाहा**

कम्प्यूटर सेटिङ्ग
**म. फरिद**

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## सीमामा "कडाइ" को भ्रम कि तस्करीको खुल्ला छुट?

नेपाल-भारत सीमामा कडाइ गरिएको भन्ने सरकारी दाबी र बाराको सीमाक्षेत्रमा देखिएको यथार्थबीचको दूरी चिन्ताजनक छ। बेनौली-पिपरपाती नाका र बेलादरी बोर्डर आसपास तस्करी मौलाउँदै जानु मात्र एउटा स्थानीय समस्या होइन, यो राज्यको कार्यक्षमता र विश्वसनीयतामाथि नै उठेको प्रश्न हो। दैनिक रूपमा चकलेटदेखि काजुसम्मका सामग्री मोटरसाइकलमार्फत सीमा पार गरिनु, गोदाममा भण्डारण हुनु र त्यसपछि विभिन्न मार्ग हुँदै देशभित्र ओसारपसार हुनु सामान्य घटना होइन। यो स्पष्ट रूपमा संगठित र योजनाबद्ध तस्करी सञ्जालको संकेत हो। दिनमै पटक-पटक हुने यस्तो गतिविधिले सीमामा 'कडाइ' गरिएको दाबीलाई कमजोर बनाउँछ।

अझ गम्भीर पक्ष भनेको–सामान्य नागरिकमाथि कडाइ, तर तस्करलाई सहज छुट भन्ने आरोप हो। यदि सुरक्षा संयन्त्रको व्यवहार यस्तै छ भने, यसले निष्पक्षता र जवाफदेहितामाथि गम्भीर प्रश्न खडा गर्छ। सूचना चुहावट भई तस्करहरूले सामान सार्ने वा लुकाउने मौका पाउनु झन् संवेदनशील विषय हो, जसले प्रणालीभित्रकै कमजोरी वा मिलेमतोको आशंका पैदा गर्छ। यस घटनाले एउटा स्पष्ट सन्देश दिन्छ–समस्या केवल निगरानीको अभाव होइन, संरचनागत कमजोरी पनि हो। कागजमा कडाइ घोषणा गर्नु र व्यवहारमा परिणाम देखिनु दुई फरक कुरा हुन्। यदि कडाइ वास्तविक हो भने, यस्ता गतिविधि किन र कसरी भइरहेका छन् भन्ने प्रश्नको उत्तर राज्यसँग हुनुपर्छ।

अब समय आएको छ–देखावटी प्रतिबद्धता होइन, प्रभावकारी कार्यान्वयनको। संगठित तस्करी सञ्जाल पहिचान गरी जडबाटै नियन्त्रण गर्ने, दोषीमाथि कडा कारबाही गर्ने र पारदर्शी तथा जवाफदेही सुरक्षा व्यवस्था कायम गर्ने कार्य अब टार्न सकिने विषय होइन।

अन्यथा, 'सीमामा कडाइ' भन्ने नाराले जनविश्वास गुमाउँदै जानेछ र राज्यको उपस्थिति केवल औपचारिकतामा सीमित हुने खतरा बढ्नेछ।

# कानुन बदल्ने अठोट



सुशासन कायम गर्नु जरुरी छ । अख्तियार प्राप्त पदाधिकारीले उचित समयमा तदारुकताका साथ आफ्नो कर्तव्य पूरा नगरेमा तत्काल अवकाश दिने कठोर कानुन चाहिन्छ । यो कानुन अभावमा सुशासन हुन सक्दैन । यो कानुन विगतका सरकारको नेतृत्वले ल्याउन चाहेनन् वा सकेनन् । अब सकिन्छ, गर्नु पर्छ ।



रामनारायण विडारी

भ्रष्टाचार निर्मूल गर्नु जटिल विषय हो। रास्वपाको वाचापत्रमा गरिएको अठोट भएकाले वालेन्द्र शाह नेतृत्वको सरकारले भ्रष्टाचार निर्मूल गर्नुपर्ने छ । साना साना कार्यालयदेखि नीतिगत रूपमा हुने भ्रष्टाचारसमेत नियन्त्रण गर्नुपर्ने हुन्छ । नियन्त्रणको क्रम अगाडि बढाए मात्र निर्मूल हुन जान्छ । स्थानीय तहदेखि सङ्घीय सरकारसम्मको कर्मचारीतन्त्रको व्याप्त भ्रष्टाचारमा हस्तक्षेप गर्न आवश्यक छ । आजसम्म बद्मासी गर्ने कर्मचारीलाई सेवाबाट हटाउन विगतमा सरकारको नेतृत्व गरेका दलले सकेनन् । अपवाद कसैलाई हटाएमा पनि अदालतले पुनर्बहाली गरिदिएको छ। यसको मुख्य कारण कर्मचारीलाई पहिलो कारबाही कर्मचारीबाट मात्रै गर्ने कानुन कायम छ । यो कानुनमा संशोधन आवश्यक छ ।

उहिलेका फैसलालाई अहिले पनि नजिर भन्दै पेस गरेर कर्मचारीको सेवा अवकाशलाई बदर गर्ने गरेको पाइन्छ । मन्त्री र कर्मचारीबिच मतभेद भयो भने सरुवा गर्ने चलन छ । सरुवा भएपछि केही समय कुरेर अर्को मन्त्री आएपछि सो कर्मचारी फेरि उही हालिमुहाली गर्ने ठाउँमा पुग्छ । म मन्त्रीलाई टेर्दिनँ किनकि उसले मलाई हदै गरे सरुवा गर्ने हो । सरुवा गरेर मलाई केही फरक पर्दैन । जागिरबाट हटाउन मन्त्रीले सक्दैन । यो कर्मचारीतन्त्रमा गडेर बसेको रोग हो । यसको उपचार उपाय के हो ? कर्मचारीलाई कर्मचारीले मात्र कारबाही गर्ने कानुन बदल्नु पर्छ । भ्रष्ट कर्मचारीलाई भ्रष्ट हाकिम कर्मचारीले कारबाही गर्दैन । भ्रष्ट न्यायाधीशले भ्रष्ट कर्मचारीको पक्षपोषण गर्छ । यो अवस्था नै नयाँ सरकारलाई घाँडो बन्न सक्छ । पहिलो काम भ्रष्टाचारसम्बन्धी ऐन र निजामती कर्मचारी ऐनमा द्रुतमार्ग अवलम्बन गरेर संशोधन गर्नु पर्छ। यो नै वर्तमान सरकारको कठोर चुनौती हो ।

सुशासन कायम गर्ने दोस्रो काम हो, कानुनले अख्तियार प्राप्त पदाधिकारीले उचित समयमा तदारुकताका साथ आफ्नो कर्तव्य पूरा नगरेमा तत्काल अवकाश दिने कठोर कानुन चाहिन्छ । यो कानुनको अभावमा सुशासन हुन सक्दैन । यो कानुन विगतका सरकारका नेतृत्वले ल्याउन चाहेनन वा सकेनन् । सहसचिवभन्दा माथिका कर्मचारीलाई हायर एन्ड फायर गर्ने कानुन चाहिन्छ । यो पदका मानिस बढुवाबाट हैन, नयाँ नियुक्तिबाट आउनु पर्छ । यी पदाधिकारी सम्बन्धित विषयको विशेषज्ञ हुन आवश्यक छ । प्रथम तहदेखि उपसचिवसम्मका पदाधिकारी स्थायी निजामती हुन आवश्यक छ। सहसचिवदेखि मुख्य सचिवसम्म स्वच्छ प्रतिस्पर्धामा नियुक्ति सम्बन्धित सरकारले गर्न आवश्यक छ । यी बढुवाबाट हैन विज्ञताबाट आउन जरुरी छ । यिनीहरू सजिलैसँग नियुक्तिमा आउने र अवकाशमा जान आवश्यक छ । यसका निम्ति राष्ट्रपतीय व्यवस्था अध्ययन गरेर नेपालको निजामती ऐन बनाउन आवश्यक छ ।

आमाको नामबाट बच्चाको नागरिकता दिने विषय संविधानमा व्यवस्था छ । यही अनुसार कुनै प्रमुख जिल्ला अधिकारीले नागरिकता दिए, कुनैले दिएनन् । सर्वोच्च अदालतले पनि दिन मिल्छ भनेर परमादेश जारी गरिदिएको छ तर अधिकांश प्रजिअले दिएनन् । दिने प्रजिअलाई पनि सरकारले केही भनेन र नदिनेलाई पनि केही गरेन । यी दुईमध्ये एक त दोषी हो नि तर दुवैलाई सरकारले केही गरेन । न्यायाधीशलाई पनि केही गरेन । यसको अर्थ जसलाई जे मन लाग्यो त्यही गरे हुने भयो । जसबाट नागरिकले झन्झट र दुःख बेहोरिरहे । नागरिकता अरू पदाधिकारीले दिन मिल्दैन । प्रजिअ बिनाकारण दिन्नँ भन्छ, ऊ त्यो पदमा छ तर पदको कर्तव्य पूरा गर्दैन । यो पञ्चायतकालदेखिको रोग आजसम्म कायमै छ । नागरिकतामा र अरू लिखतमा जन्ममिति फरक परेकोमा सच्याउन जाँदा न सच्याइदिन्छ न बाटो खोलिदिन्छ। त्यो अलपत्र परेको नागरिक विद्रोही हुनुबाहेक कुनै उपाय छैन । पदाधिकारीले कर्तव्य पूरा नगरे तत्काल अवकाश दिने प्रावधान हुन जरुरी छ ।

यसै गरी यो संविधान जारी भएपछि सङ्घीयताको अवधारणा अनुरूप स्थानीय सरकार बनाइएको छ । जसले नागरिकको दैनिकी कार्यमा सहजीकरण गरिदिनुपर्ने हो । स्थानीय जनताका लागि वडा नै सिंहदरबार हो। उसलाई घरदैलोमा नै सेवा दिनु उसको कर्तव्य हो । वडाका पदाधिकारी यो मिलेन, त्यो मिलेन भनेर जनतालाई हैरानी दिन्छन् । मनलाग्दी कर लगाउने कानुन बनाएर दिग्दार बनाउँछन् । कुनै सिफारिस लिन गए कि नगद, कि भनसुन वा विद्रोह नगरी दिँदैनन् । वडामा एउटा घरमा मानिस मरेको छ । यो मानिस मरेको हो भनेर सिफारिस माग्न जाँदा तिम्रो नागरिकता वैतडी जिल्लामा छ, उहीँबाट लिनु भन्छ । ऊ काठमाडौँमा बसेको २५ वर्ष भइसक्यो । उसको मतदाता नामावली त्यही वडामा छ । घर सम्पत्तिको कर पनि यही वडा समितिले लिन्छ। नक्सापास घरको गरिदिएको पनि छ तर यो घरमा मानिस मरेको छ वा त्यो घरमा बस्नेको कागज हरायो भनेर सिफारिस लिन गयो भने बैतडी जिल्लामा जा भन्छ । यो जस्तो हुतिहारा, कर्तव्यच्यूत पदाधिकारी कहींकतै हुन्छ र ?

आफ्नो कर्तव्य पूरा नगर्ने पदाधिकारीलाई तत्काल कारबाही गर्ने कानुन प्रयोग भएन । त्यो हिम्मत अघिल्लो सरकारको नेतृत्वले गर्न सकेन । स्थानीय सरकार, त्यसमा पनि वडा समिति जनताको दैनिक सुविधा प्रदान गर्ने निकायबाट नै जनतालाई हैरान पार्ने र घुस खाने गर्दा समस्त व्यवस्थामा नै चोट पुग्न गयो । यही कारण सबै दल बदनाम भए। जसको परिणाम यो चुनावमा आयो । यो पनि सरकारको चुनौती हो । स्थानीय पदाधिकारीले कार्य सम्पादनमा आलटाल गरेमा भ्रष्टाचारसम्बन्धी कानुन आकर्षित हुने प्रावधान राखिनु जरुरी छ ।

प्रदेश सरकारका राजनीतिक पदाधिकारी आआफ्ना व्यवसायमा तल्लीन भए । प्रत्यक्ष/परोक्ष रूपमा विभिन्न व्यवसायमा संलग्न व्यक्ति नै सरकारका पदाधिकारी भए, अनि राज्यका ढुकुटी आफ्ना व्यवसायमा प्रयोग गर्ने र राज्यको काम पनि नगर्ने भए । सरकारी स्रोत साधन निजी काममा प्रयोग गरे । मितव्ययिता अपनाएनन् । यसरी प्रदेशका पदाधिकारीले सङ्घीयताको मर्ममाथि प्रहार गरेका कारण सङ्घीयता र दलमाथि प्रश्न उठ्न थाल्यो । भारतको एक राज्यभन्दा धेरै सानो नेपाललाई सात प्रदेश बनाउँदा पनि प्रदेशमा दर्जनौं मन्त्री बनाइए। अनावश्यक निकाय थपिए । यसलाई बालेन्द्र सरकारले सच्याउन सक्ला त ? यी काम संविधान संशोधन नगरी नै गर्न सकिन्छ ।

शिक्षा क्षेत्रलाई व्यापारीकरण गरियो। मनपरी ढङ्गबाट शिक्षा बेच्ने काम भयो । नेपाल र नेपालीलाई नचाहिने शिक्षा लादिएको छ । शिक्षामा भएको व्यापारीकरण हटाउन कानुन बदल्नु पर्दैन, नियमन गरे पुग्छ। स्वास्थ्य क्षेत्रमा सरकारी अस्पतालका डाक्टर प्राइभेट अस्पतालमा सक्रिय छन् । सरकारी बजेटबाट अति महँगा मेसिन/औजार सरकारी अस्पतालले किनेको छ । त्यो किन्दा भ्रष्टाचार गर्न र कमिसन खान पाइन्छ र त किनिन्छ । त्यसपछि अर्कोले सो मेसिन बिगारिन्छ र प्राइभेट अस्पतालसँग कमिसन खाएर बिरामी रिफर गरिन्छ ।

यातायात क्षेत्रमा आलोपालो नाममा जनतालाई भार पर्ने गरी मनपरि कार्य भइरहेको छ। स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गबाट यातायात चलाउने र यसलाई सरकारले नियमन गर्ने काम विगतको सरकारले गरेन । उल्टो यातायात व्यवसायीसँग नगद सहयोग लिएर राजनीतिक दल र व्यवसायी मिलेर जनतालाई महँगो भाडा तिर्न बाध्य गराए। यो गर्न कानुन बदल्नु पर्दैन, भइरहेको कानुन नै पर्याप्त छ । कर्मचारीले कार्यालय समयमा कार्यालयको टेलिफोन मात्र प्रयोग गर्ने र व्यक्तिगत फोन प्रयोग नगर्ने, व्यक्तिगत काम सो समयमा गर्न नपाउने, कार्यालय समयमा कार्यालयबाहिर जान नपाइने व्यवस्था गर्न र जनसेवामा तल्लीन गराउन कानुन बदल्नु पर्दैन ।

ऐन बनाउन प्रतिनिधि सभामा बहुमत भएर मात्र पुग्दैन । राष्ट्रिय सभामा पनि बहुमत चाहिन्छ । कयौँ नयाँ कानुन बनाउन आवश्यक छ। शिक्षा ऐन, कर्मचारी ऐन, प्रहरी ऐन संसद्ले दस वर्षसम्म बनाउन सकेन। अब यो सरकारले बनाउन सक्छ । राष्ट्रिय सभाले मानेन भने यही कुरा जनतामा ल्याएर भन्डाफोर गर्न सकिन्छ । विधेयक संयुक्त सदनमा लगेर पारित गर्न सकिन्छ । भ्रष्टाचार गर्नेको सम्पत्ति जफत गर्ने कानुन बनाउन माग गरियो तर सांसदले मानेनन् । चार अर्बको सम्पत्ति पदाधिकारीको छ, एक करोडको भ्रष्टाचार मुद्दा सरकारले लगाउँछ। अनि सो एक करोड तिरेर बाँकी सम्पत्ति सबै वैध हुने कानुन बनाए। सो कानुन बदल्न आवश्यक छ। यसबारेमा संसद्को हैसियतमा हुँदा धेरै बोलियो तर दलले कार्यान्वयन गरेनन् ।

संसद्को नियमावली नै संसदीय कार्यमा बाधक छ। पहिलो काम सो नियमावली नयाँ बनाउन आवश्यक छ। कर्मचारीतन्त्रले यो मिल्दैन, त्यो मिल्दैन आदि भनेर अलमल्याउने गर्छ। विगतमा दलले त्यही स्वीकार गरी संसदीय नियमावली बदल्न दिएनन् । अब त्यो गर्न सकिन्छ। संविधान संशोधन अलि जटिल छ। यसमा सहमतीय नीति अवलम्बन गर्नु पर्छ। संविधान संशोधन गर्न दुवै सदनको दुई तिहाइ अनिवार्य चाहिन्छ। कयौँ विषयमा प्रदेशहरूको पनि बहुमत चाहिन्छ। प्रत्येक प्रदेश सभा सदस्यको पनि बहुमत आवश्यक छ । राष्ट्रिय सहमति आवश्यक छ। अदालतको पनि ख्याल राख्नु पर्छ। लोकतन्त्रको आधारभूत सिद्धान्त र जनतामा निहित सार्वभौमसत्तामा प्रतिकूल हुनेगरी संशोधन भएमा अदालतले हस्तक्षेप गर्छ। भारत र अमेरिकामा यो अदालती अभ्यास प्रशस्त भएका छन् ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## संयुक्त राष्ट्र संघद्वारा होर्मुज जलक्षेत्र पुन: खोल्ने इरानी घोषणाको स्वागत

***न्यूयोर्क, वैशाख, ५ गते ।***

संयुक्त राष्ट्र सङ्घले होमुज जल क्षेत्र खोल्ने इरानी घोषणाको स्वागत गरेको जनाइएको छ । घोषण अनुसार संयुक्त राज्य अमेरिकासँग तथ भएको युद्धविराम अवधि भर सबै व्यावसायिक जहाजका लागि हार्मुज जलक्षेत्र पूर्णरूपमा खुल्ने छ । संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले विज्ञप्ति जारी गर्दै होर्मुज खोल्ने घोषणा सही कदम भन्दै यसको स्वागत गर्नु भएको छ । उहाँले संयुक्त राष्ट्र सङ्घको अडान स्पष्ट रहेको बताउँदै होर्मुजमा अन्तर्राष्ट्रिय जहाजको अधिकार र स्वतन्त्रता लगायतका सबै पक्ष पूर्णरूपमा पुनस्थापित र सम्मान गर्नु पर्ने बताउनुभएको छ ।



उहाँले यी युद्धविरामको आशा व्यक्त गर्दे यो कदमले द्वन्द्वरथ पक्षबिच विश्वास निर्माण गर्न र पाकिस्तानको मध्यस्थतामा स्थायी युद्धविरामको लागि जारी वार्तालाई बलियो बनाउन योगदान पुग्ने बताउनु भएको छ । संयुक्त राष्ट्र सङ्घका प्रवक्ता स्टेफेन डुजारिकले मध्य पूर्वमा हालको द्वन्द्व समाधान गर्न शान्तिपूर्ण बाटो खोज्ने कूटनीतिक प्रयासलाई पूर्णरूपमा समर्थन गर्ने महासचिवको प्रतिबद्धता पुष्टि गर्नु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस हघि नै व्यावसायिक ढुवानीको लागि हार्मुज पूर्णरूपमा खोल्ने इरानी घोषणाको स्वागत गरेको घोषणा गर्नुभएको थियो ।

## अफगानिस्तानमा बाढीका कारण, ७३ हजारभन्दा बढी प्रभावित : राष्ट्रसंघ

***काबुल (अफगानिस्तान), वैशाख ५ गते ।***

अफगानिस्तानका विभिन्न प्रान्तमा यस अघि लगातार १२ दिनसम्म आएको वर्षा र बाढीका कारण ७३ हजार भन्दा बढी मानिस प्रभावित भएको संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपिए) लाई उदृत गर्दै शनिबार टोलो न्युजले जनाएको छ । युएनएफपिएको रिपोर्टका अनुसार बाढीले अफगानीस्तानका विविन्न स्थानमा क्षति पुऱ्याएको छ भने हजारौं घर, कृषि जग्गा र सडक लगायत प्रमुख पूर्वाधार ध्वस्त पारेको छ । विस्थापित परिवार, विशेष गरी महिला तथा बालबालिकाले स्वास्थ्य सेवाहको



पहुँचमा गम्भीर चुनौतीको सामना गरिरहेका छन् ।

उनीहरूलाई तत्काल खाना, आश्रय, र मनोसामाजिक सहयोग अत्यावश्यक भएको जनाइएको छ । मानव अधिकारवादी संस्थाले बढ्दो आवश्यकता सम्बोधन गर्न र अवस्थाको थप बिग्रन रोक्न सहयोग बढाउन आह्वान गरेका छन् ।

## बारामा ...

बढिएको उनले जानकारी दिए।

उनले संकलित विवरणको गोपनीयताबारे पनि स्पष्ट पारे। “गणनामा संकलन गरिने व्यक्तिगत वा व्यावसायिक विवरणहरू तथ्याङ्क ऐन, २०७९ अनुसार पूर्ण रूपमा गोप्य रहनेछन्। ती विवरणहरू केवल सांख्यिकीय प्रयोजन र योजना निर्माणका लागि मात्र प्रयोग हुन्छन्,” उनले भने।

यसपटक अनलाइन प्रणालीमार्फत पनि विवरण भर्न सकिने व्यवस्था गरिएको उल्लेख गर्दै दासले व्यवसायी तथा उद्यमीलाई सक्रिय सहभागिताका लागि आग्रह गरे। “ई-सेन्सस प्लेटफर्ममार्फत स्वयं विवरण भर्न सकिने सुविधा छ, जसले गणनालाई अझ प्रभावकारी बनाउँछ,” उनले बताए।

उनका अनुसार आर्थिक गणनाबाट प्राप्त तथ्याङ्कले देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) अनुमानलाई मजबुत बनाउने, नीति निर्माणमा सहयोग गर्ने र लगानी तथा रोजगारी सिर्जनामा मार्गनिर्देशन गर्नेछ।

दासले सबै उद्योगी, व्यवसायी तथा सरोकारवालालाई सही र पूर्ण विवरण उपलब्ध गराई आर्थिक गणनामा सहयोग गर्न आग्रह गर्दै भने, “यो केवल सरकारी कार्यक्रम मात्र होइन, देशको आर्थिक भविष्यसँग जोडिएको साझा जिम्मेवारी हो।”

## सीमामा...

झिसमिसे बिहानसम्म सामान गन्तव्यतर्फ पठाइने गरेको छ । बाटोमा सामान्य सवारीसाधनलाई कडाइका नाममा जाँच गरिए पनि तस्करीका सवारी भने बिना अवरोध आवतजावत गर्ने गरेको आरोप छ। महागढीमाई नगरपालिका क्षेत्र हुँदै गंजभावानीपुर तर्फ जाने वैकल्पिक मार्गहरू समेत तस्करीका लागि प्रयोग भइरहेको बताइएको छ। कुडवा-लंगडा चोक-हरनहिया मार्ग प्रयोग हुँदा पनि निगरानी प्रभावकारी नदेखिएको स्थानीयको भनाइ छ।

यता, सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गणका गणपति एसपी विशाल सिलवालले तस्करी नियन्त्रणका लागि प्रयास भइरहेको बताएका छन् भने पिपरपाती बेसका डीएसपी मोहन न्यौपानेले आफू हालै मात्र आएको र नाकामा कडाइ गरिएको दाबी गरेका छन्। तर स्थानीयका अनुसार घटनास्थलको वास्तविक गतिविधिले ती दाबी पुष्टि नगर्ने अवस्था देखिएको छ।

यसअघि पनि विभिन्न स्थानमा गोदाम सार्दै तस्करी सञ्जाल सञ्चालन हुँदै आएको बताइन्छ। लामो समयदेखि जारी यस्तो अवैध कारोबारले राज्य संयन्त्रको प्रभावकारिता माथि नै गम्भीर प्रश्न उठाएको छ।

सीमामा कडाइको नाममा सर्वसाधारणलाई सास्ती दिने तर संगठित तस्करी नियन्त्रण गर्न नसक्ने अवस्था रहिरहे सरकारको प्रतिबद्धतामाथि नै प्रश्न उठ्ने निश्चित देखिन्छ। स्थानीयवासीले तत्काल प्रभावकारी अनुगमन, दोषीमाथि कडा कारबाही र पारदर्शी सुरक्षा व्यवस्था कायम गर्न माग गरेका छन्।

## जीतपुरसिमरामा...

परिवर्तन गरिएको छ। अब हप्तामा शनिबार र आइतबार विद्यालय बन्द रहनेछन् भने शुक्रबार बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म पूर्ण कक्षा सञ्चालन हुने व्यवस्था गरिएको छ।

तर संघीय सरकारले तोकेको समयसीमाभन्दा फरक निर्णय स्थानीय तहले लागू गर्न थालेपछि देशभर शैक्षिक प्रणालीमा एकरूपता कायम गर्न चुनौती थपिन सक्ने देखिएको छ। शिक्षा क्षेत्रका सरोकारवालाले यस्तो फरक तालिकाले व्यवस्थापनमा असमञ्जस उत्पन्न हुन सक्ने टिप्पणी गरेका छन्।

## वीरगञ्ज...

हटाउने काम एकैपटक अघि बढाइने तयारी गरिएको छ।

सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार विस्तार कार्यका लागि डोजर, जेसीबी र एक्साभेटर गरी ९ वटा भारी उपकरण वीरगञ्जमा ल्याएर तयारी अवस्थामा राखिएको छ। गण्डक, पावरहाउस, मुर्ली, घण्टाघर, माइस्थान, आदर्शनगर, मकालु होटल चोक, वीर्ता, छपकैया हुँदै मितेरी पुलसम्मका विभिन्न स्थानबाट एकैसाथ काम सुरु गरिनेछ। महानगरपालिका, सुरक्षा निकाय र प्राविधिक कार्यालयहरूको समन्वयमा बहु-बिन्दुबाट एकैपटक डोजर सञ्चालन गर्ने योजना बनाइएको छ।

तर, विस्तार कार्य सुरु हुनुअघि नै प्रशासनले संरचना खाली गर्न दिएको करिब १२ घण्टाको अल्टिमेटमले बजार क्षेत्रमा व्यापक हतारो र तनाव सिर्जना गरेको छ। दिउँसो सूचना जारी भएपछि व्यवसायी र घरधनीहरू रातारात सामान व्यवस्थापनमा जुट्न बाध्य भएका छन्।

मेनरोडका धेरै व्यापारीहरूले पसलका सामग्री सुरक्षित स्थानमा सार्न नसक्ने अवस्थामा सडकमै राखेर सस्तो मूल्यमा बिक्री गरिरहेका छन्। कपडा, भाँडाकुडा, रेडिमेड सामानलगायत सामग्री ‘लिलामीजस्तै’ मूल्यमा बिक्री हुन थालेपछि बजारमा किनमेल गर्नेहरूको अस्वाभाविक भिड देखिएको छ। केही व्यापारीले घाटा बेहोरेरै भए पनि सामान जोगाउने प्रयास गरिरहेका छन्।

उता, घरधनीहरू भने झनै कठिन अवस्थामा छन्। वर्षौंदेखि बसोबास गर्दै आएका घरहरू छोटो समयमै खाली गर्नुपर्ने भएपछि धेरै परिवार अन्योलमा परेका छन्। वैकल्पिक बसोबासको व्यवस्था नहुँदा बालबालिका, वृद्धवृद्धालाई लिएर रातारात आफन्तको घर, धर्मशाला वा अन्य सुरक्षित स्थानतर्फ सर्न थालेका दृश्य बजार क्षेत्रमा देखिएका छन्।

यसबीच, विस्तार कार्य अघि बढाउनुअघि वीरगञ्ज महानगरपालिकामा सरोकारवाला निकायबीच बैठक बसेर अन्तिम तयारी गरिएको थियो। बैठकमा सडक डिभिजन कार्यालय, नापी, नेपाल टेलिकम, खानेपानी संस्थान, विद्युत प्राधिकरणलगायत निकायबीच आवश्यक समन्वय गर्ने निर्णय गरिएको थियो, ताकि सडक विस्तारसँगै आवश्यक सेवाहरूमा अवरोध नआओस्।

लामो समयदेखि कानुनी विवादमा अड्किएको यो आयोजना सर्वोच्च अदालतको २०८१ फागुन २८ गतेको फैसलापछि कार्यान्वयनमा आएको हो। अदालतले सडक विस्तारसम्बन्धी रिट खारेज गर्दै सरकारको पक्षमा निर्णय गरेपछि करिब १३ वर्षअघि प्रस्ताव गरिएको योजना अब कार्यान्वयन चरणमा पुगेको हो।

स्थानीयवासीहरूले यसअघि मुआब्जा, वैकल्पिक सडक तथा मार्ग परिवर्तनको माग गर्दै विरोध जनाउँदै आएका थिए। यद्यपि, अन्तिम न्यायिक निर्णयपछि प्रशासनले विस्तार कार्य अघि बढाएको हो।

दीर्घकालीन रूपमा हेर्दा यो सडक विस्तारले वीरगञ्जको ट्राफिक व्यवस्थापन सुधार गर्ने, सहरको सौन्दर्य बढाउने तथा आर्थिक गतिविधिलाई सहज बनाउने अपेक्षा गरिएको छ। तर, तत्कालीन कार्यान्वयन प्रक्रियामा समय अभाव, व्यवस्थापन कमजोरी र मानवीय पक्षप्रति पर्याप्त संवेदनशीलता नदेखिँदा स्थानीयस्तरमा असहज र तनावपूर्ण अवस्था उत्पन्न भएको देखिएको छ।

## गगन थापा...

शेरबहादुर देउवा पक्षले उक्त प्रक्रियामाथि असहमति जनाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।

शुक्रबार सर्वोच्च अदालतले निर्वाचन आयोगको निर्णय सदर गर्दै विशेष महाधिवेशनलाई विधानसम्मत ठहर गरेपछि विवाद औपचारिक रूपमा टुंगिएको हो। यससँगै कांग्रेसभित्रको नेतृत्व विवादले नयाँ राजनीतिक बहसलाई जन्म दिएको छ भने पार्टी एकताको चुनौती अझै कायम रहेको विश्लेषण भइरहेको छ।

## देवापुर ...

सिम्रौनगढबाट सई सुन्दरकान्त मिश्रको नेतृत्वमा प्रहरी टोली परिचालन गरिएको छ। प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको पहिचान र खोजी कार्य तीव्र बनाइएको जनाएको छ।

लगातार चोरीका घटना बढ्दै गएपछि देवापुर टोलमा स्थानीयवासी त्रसित बनेका छन्। उनीहरूले रात्रीकालीन गस्ती बढाउन, सुरक्षा निगरानी कडा बनाउन र दोषीलाई चाँडै पक्राउ गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

## बारामा...


लाग्दा घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार घटना चौधरीको घरदेखि करिब ५०० मिटर पूर्वतर्फको बाटोमा भएको हो। स्थानीयवासीले चट्याङ लागेपछि उनलाई तत्काल उद्धार गर्ने प्रयास गरे पनि उनको घटनास्थलमै मृत्यु भइसकेको थियो।

घटनापछि प्रहरी टोली घटनास्थल पुगेर आवश्यक मुचुल्का तयार पार्नुका साथै थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जनाएको छ।

यसैबीच, पछिल्लो समय मौसम परिवर्तनसँगै चट्याङका घटनाहरू बढ्दै गएकाले आवश्यक सावधानी अपनाउन स्थानीय प्रशासनले सर्वसाधारणलाई आग्रह गरेको छ। खुलेआम स्थान, खेतबारी वा रुखमुनी बस्दा विशेष सतर्कता अपनाउन अनुरोध गरिएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# जनकपुरधामका निजी विद्यालयलाई शुल्क विवरण ७ दिनभित्र बुझाउन निर्देशन

*जनकपुरधाम, वैशाख ५ ।*
जनकपुरधाम उपमहानगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालनमा रहेका संस्थागत (निजी) विद्यालयलाई शुल्क संरचना तथा प्रशासनिक विवरण अनिवार्य रूपमा पेश गर्न निर्देशन दिएको छ। उपमहानगरले सो विवरण बुझाउन ७ दिनको समयसीमा तोकेको छ।

शिक्षा तथा खेलकुद विकास शाखाले जारी गरेको सूचनामा शैक्षिक सत्र २०८३ का लागि लागू हुने सम्पूर्ण शुल्क विवरण, प्रशासनिक शुल्क तथा अन्य आर्थिक संरचना स्पष्ट रूपमा बुझाउन भनिएको छ।



नगर शिक्षा समितिको चैत ३० गते बसेको बैठकको निर्णयअनुसार यो निर्देशन जारी गरिएको हो। सूचनामा विद्यालय वर्गीकरण गर्दा संस्थागत विद्यालय मापदण्ड निर्देशिका २०६१ र विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०८१ लाई आधार बनाउनुपर्ने स्पष्ट गरिएको छ। शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख अञ्जु पाण्डेका अनुसार विद्यालयहरूले कक्षा १ देखि १२ सम्म प्रयोग हुने पाठ्यपुस्तक, पाठ्यसामग्री तथा सिकाइ सामग्रीको पूर्ण विवरण प्रकाशकको नाम र ठेगानासहित पेश गर्नुपर्नेछ। उनका अनुसार विद्यालयस्तरमा शुल्कसम्बन्धी पारदर्शिता कायम गर्न, अनियमितता नियन्त्रण गर्न तथा अभिभावकमाथि पर्ने आर्थिक भारलाई व्यवस्थित गर्न यो कदम चालिएको हो।

उपमहानगरले तोकिएको समयभित्र विवरण नबुझाउने विद्यालयलाई प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनी समेत दिएको छ। विद्यालय शुल्कमा हुने असमानता र अपारदर्शिताबारे अभिभावक स्तरबाट गुनासो बढिरहेका बेला स्थानीय तहले कडाइ गरेको हो।

# देवापुर टोलमा सेन काटेर एकै रात तीन घरमा चोरी, लाखौं चोरीले गाउँमा त्रास

*संवाहक सम्वादाता-५ वैशाख, कलैया*
बारा जिल्लाको सिम्रौनगढ नगरपालिका-१० अन्तर्गत देवापुर टेटा टोलमा शुक्रबार राति सेनकाटेर एकैपटक तीन घरमा चोरी भएको छ। मध्यरातको योजनाबद्ध चोरीपछि स्थानीयवासीमा त्रास र असुरक्षाको वातावरण फैलिएको छ।



पीडितहरूका अनुसार राति करिब १२ बजेदेखि १ बजेको बीचमा चोर समूहले घरको पछाडिबाट माटो खनेर दुलो बनाई भित्र प्रवेश गरेको थियो। घरभित्र रहेका सुन, चाँदीका गहना र नगद रकम लिएर उनीहरू फरार भएको बताइएको छ।

चोरीबाट सबैभन्दा बढी प्रभावित गान्धी प्रसाद यादवले छोरीको विवाहका लागि ऋण काढेर जम्मा गरेको गरगहना र नगद समेत चोरी भएपछि परिवार ठूलो संकटमा परेको बताए। उनका अनुसार विवाहका लागि राखिएको सम्पूर्ण तयारी नै हराएपछि घरमा शोकको अवस्था छ।

त्यस्तै, सोही टोलका रामप्रित राय यादव र मदन प्रसाद यादवको घरमा पनि समान शैलीमा चोरी भएको वडा अध्यक्ष राजकुमार यादवले जानकारी दिएका छन्। एकै रात तीन घरलाई लक्षित गरी गरिएको चोरीले घटनालाई योजनाबद्ध हुन सक्ने आशंका बलियो बनाएको छ। घटनापछि इलाका प्रहरी कार्यालय

बाँकी तेस्रो पृष्ठमा

# बारामा चट्याङ लागेर बारामा एक जनाको मृत्यु

*संवाहक सम्वादाता-५ वैशाख, कलैया*
बारा जिल्लामा हावाहुरीसहित परेको वर्षाका बीच चट्याङ लाग्दा एक जनाको ज्यान गएको छ।



मृत्यु हुनेमा कोल्हवी नगरपालिका-५ सोनाभारका अन्दाजी ३६ वर्षीय लुटावन चौधरी रहेका छन्। उनी स्थानीय जनक चौधरीका छोरा भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका निमित्त प्रमुख तथा प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार चौधरी शुक्रबार साँझ आफ्नै खेतमा काम सकेर घर फर्किरहेका थिए। सोही क्रममा अचानक मौसम बिग्रिएर हावाहुरीसँगै वर्षा सुरु भएको थियो। वर्षासँगै परेको चट्याङ उनलाई

बाँकी तेस्रो पृष्ठमा

# भ्रष्टाचार मुद्दा दायरमा तीव्र वृद्धि, पाँच वर्षमा ७९८ मुद्दा विशेष अदालतमा

*काठमाडौं ,५ वैशाख।*
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्ला पाँच वर्षमा भ्रष्टाचारजन्य कसुरमा दायर मुद्दाको संख्या उल्लेख्य रूपमा बढेको जनाएको छ। आयोगका अनुसार सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी, जनप्रतिनिधि र कर्मचारीमाथि उजुरी, अनुसन्धान र अभियोजन दुवै पक्षमा वृद्धि देखिएको छ।

आयोगको तथ्याङ्कअनुसार पछिल्ला पाँच वर्षमा कुल १ लाख ६६ हजार ५२० उजुरी दर्ता भएका छन्। तीमध्ये १ लाख २१ हजार ९४३ उजुरी (करिब ७३.२३ प्रतिशत) फछ्र्यौट गरिएको आयोगले जनाएको छ। बाँकी उजुरीहरू अनुसन्धान प्रक्रियामा रहेको बताइएको छ।

यस अवधिमा ७९८ मुद्दा विशेष अदालतमा दायर भएका छन्, जसमा ४ हजार ६६२ जना व्यक्ति प्रतिवादी बनेका छन्। ती मुद्दामा करिब ३१ अर्ब ५२ करोड २५ लाख रुपैयाँभन्दा बढी बिगो दाबी गरिएको आयोगको विवरणमा उल्लेख छ।

आयोगका अनुसार पछिल्ला वर्षहरूमा उजुरीको चापसँगै मुद्दा दायरको दर पनि लगातार बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा ४६ मुद्दा दायर भएकोमा यो संख्या क्रमशः बढ्दै २०७९/८० मा १६१ मुद्दा र २०८०/८१ मा २०१ मुद्दासम्म पुगेको देखिन्छ। हालको आर्थिक वर्षमा पनि उजुरी




र मुद्दा दायरको क्रम उच्च रहेको आयोगले जनाएको छ।

विशेष अदालतबाट भएका फैसलामध्ये औसत ५५ प्रतिशत मुद्दामा कसुर प्रमाणित भएको आयोगको तथ्याङ्क छ। केही वर्षयता घूस (रिसवत) सम्बन्धी मुद्दामा सफलता दर घटेको पनि आयोगको मूल्याङ्कन छ। स्टिङ अपरेसन सम्बन्धी सर्वोच्च अदालतको फैसलापछि अनुसन्धान शैलीमा प्रभाव परेको आयोगको बुझाइ छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उजुरी व्यवस्थापनदेखि अनुसन्धान र अभियोजनसम्मको प्रक्रिया कानुनी ढाँचाभित्रै अघि बढाइँदै आएको छ। उजुरी प्राप्त भएपछि छानबिन, अनुसन्धान र प्रमाणका आधारमा मात्रै मुद्दा दायर गरिने उनले बताए।

यस अवधिमा ठूला राजनीतिक तथा प्रशासनिक व्यक्तित्वहरू पनि प्रतिवादी बनेका छन्। पतञ्जली जग्गा साटफेर प्रकरणमा पूर्व प्रधानमन्त्री, वाइडबडी विमान खरिद, टेरामक्स खरिद, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण, सुन तस्करीलगायतका बहुचर्चित प्रकरणहरूमा पूर्वमन्त्री, सचिवदेखि स्थानीय तहका जनप्रतिनिधिसम्ममाथि मुद्दा दायर गरिएको छ।

आयोगका अनुसार यस अवधिमा करिब १०२ उच्च पदस्थ राजनीतिक व्यक्तित्व प्रतिवादी बनेका छन्। यसले भ्रष्टाचार नियन्त्रण अभियान अझ संवेदनशील र चुनौतीपूर्ण बन्दै गएको देखाएको आयोगको निष्कर्ष छ।

संविधानअनुसार आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिमाथि भ्रष्टाचारको अनुसन्धान गरी प्रमाण भेटिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने अधिकार प्रयोग गर्दै आएको छ। साथै, हाल सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरका तत्व देखिएमा सोसमेत अनुसन्धानको दायरामा ल्याउने व्यवस्था कार्यान्वयनमा रहेको आयोगले जनाएको छ।

# गगन थापाको आह्वान : "जीत-हार होइन, विधि र एकताको बाटो रोजौं"

काठमाडौं, वैशाख ५ । नेपाली कांग्रेसभित्रको लामो समयदेखि चल्दै आएको आन्तरिक विवाद सर्वोच्च अदालतको हालैको निर्णयपछि नयाँ मोडमा पुगेको छ। अदालतले विशेष महाधिवेशनबाट बनेको कार्यसमितिलाई वैधानिकता दिएको घटनापछि कांग्रेस सभापति गगन थापाले पार्टी एकताबद्ध भएर अघि बढ्न सबैलाई आह्वान गरेका छन्।

सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै थापाले अदालतको निर्णयलाई व्यक्तिगत वा गुटगत "जित-हार" को रूपमा नलिन आग्रह गरेका छन्। उनका अनुसार यो निर्णय विधि, प्रक्रिया र लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउने दिशामा आएको संकेत हो।

उनले लेखेका छन्, "सम्मानित सर्वोच्च अदालतको निर्णयले पार्टीभित्रका सबै साथीहरूलाई एकताबद्ध बनाउँदै साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको छ।



यो कुनै जित-हारको विषय होइन, विधि र लोकतान्त्रिक अभ्यासको विषय हो।"


थापाले पार्टीका सबै तहका नेता-कार्यकर्ता, देशभित्र तथा बाहिर रहेका सदस्यहरूलाई पनि जिम्मेवार भूमिकामा उभिन आग्रह गरेका छन्। उनले कांग्रेसलाई पुनर्जागरण र रूपान्तरणतर्फ लैजानुपर्ने आवश्यकता औंल्याउँदै महाधिवेशन प्रक्रियालाई अवसरका रूपमा उपयोग गर्नुपर्ने बताए।

उनका अनुसार पार्टीको आगामी महाधिवेशनलाई संगठन सुदृढीकरण र नयाँ पुस्ताको आकांक्षा सम्बोधन गर्ने अवसरका रूपमा लिनुपर्नेछ।


"अग्रजहरूको योगदानको सम्मान गर्दै, नयाँ पुस्ताको चाहना सम्बोधन गर्न सक्ने बलियो पार्टी बनाउन अब हामी सबै एक ढिक्का भएर अघि बढ्नुपर्छ," थापाले भने।

पार्टीभित्रको विवाद विशेष महाधिवेशनपछि अझ चर्किएको थियो। २०७८ मंसिरमा भएको १४औं महाधिवेशनपछि नियमित १५औं महाधिवेशन समयमै हुन नसकेपछि केही प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गरेका थिए। विधानअनुसार आवश्यक प्रक्रिया पूरा गर्दै २०८२ पुसमा विशेष महाधिवेशन सम्पन्न भएको थियो। उक्त महाधिवेशनबाट गगन थापा नेतृत्वको कार्यसमिति बनेपछि निर्वाचन आयोगले पनि त्यसलाई वैधानिक मान्यता दिएको थियो। तर


बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।